घरपझोङ गाउँपालिका

# गाउँसभाको सचिवालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०८१/०८२
चलानी नं.

## गाउँसभाको १५औं अधिबेशनको कार्यसूची

मिति : २०८१।१२।०७ गते, बिहिवार

| क्र.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १ | बिहानको ८:१५ | अध्यक्षले गाउँ सभाको १५ औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २ | बिहानको ८:२० | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | श्री जैकला वि.क.<br>श्री वीर प्रसाद थकाली<br>श्री कृष्ण प्रसाद थकाली |
| | बिहानको ८:३० | विभिन्न समितिका प्रतिवेदन प्रस्तुत गर्ने | |
| ३ | | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन | संयोजक श्री याम प्रसाद थकाली |
| ४ | | न्यायिक समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| ५ | | अनुगमन समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| ६ | | लेखा समितिको प्रतिवेदन | सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकाली |
| ७ | | आर्थिक विकास समितको प्रतिवेदन | संयोजक श्री फलेन्द्र प्रसाद थकाली |
| ८ | | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री मन बहादुर हिराचन |
| ९ | | सामाजिक विकास समितिको प्रतिवेदन | संयोजक श्री आस बहादुर थकाली |
| १० | | वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | संयोजक श्री प्रदिप थकाली |
| ११ | बिहानको ९:१५ | आ.ब.२०८०।८१ को महालेखा परीक्षकको प्रतिवेदनमा औल्याइएको नियमित गर्नु पर्ने बेरुजु फछ्यौंट सम्बन्धी प्रस्ताव | सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकाली |
| १२ | बिहानको ९:३० | विनियोजन ऐन, २०८१ संशोधन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| १३ | बिहानको ९:४५ | प्रशंसा-पत्र प्रदान गर्ने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| १४ | बिहानको ९:५० | कदर-पत्र प्रदान गर्ने । | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| १५ | बिहानको १०:०० | शोक प्रस्ताव | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १६ | बिहानको १०:०५ | १५औं अधिवेशनको समापन | सभाध्यक्ष श्री मोहन सिंह लालचन |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका

## गाउँसभाको १५औं अधिवेशनका निर्णयहरु

मितिः २०८१।१२।७ गते

घरपझोङ गाउँपालिका गाउँ सभाको सचिवालय जोमसोम, मुस्ताङ स्था: २०७३

**कार्यसूची १ बमोजिमको निर्णय :-**

कार्यसूची १ बमोजिम सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले गाउँसभाको १५औं अधिबेशन आह्वान गरेको मिति २०८१।१२।१ गतेको पत्रको व्यहोरा वाचन गरी सभामा जानकारी गराउनु भयो ।

**कार्यसूची २ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १५औं अधिबेशनमा गाउँसभा सदस्य श्री जैकला वि.क., श्री वीर प्रसाद थकाली र श्री कृष्ण प्रसाद थकालीले अधिबेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ३ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री याम प्रसाद थकालीले सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

देहायः

सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन ।

सभाध्यक्षज्यू, सुशासन तथा संस्थागत विकास समितिको संयोजकको हैसियतले चालु. आ.व २०८१/८२ को विनियोजित बजेटको प्रगति र कार्यालयमा सेवा प्रवाह तथा सुशासन तर्फको हालसम्मको समष्टिगत प्रगति प्रतिवेदन सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु ।

चालु आ.व. २०८१/८२ मा सुशासन तथा संस्थागत विकास समिति तर्फ स्वीकृत कार्यक्रमहरुको हाल सम्मको प्रगति विवरण यसै साथ प्रस्तुत गरेको छु ।

१. जोमसोम महिला समुह भवनमा सोफा तथा फर्निचर खरिद कार्यक्रम, कार्यालयमा फर्निचर फिक्चर्स, अघिल्लो आ.व. को सामाजिक परिक्षण, कर्मचारि तथा जनप्रतिनिधिहरुको अध्ययन अवलोकन भ्रमण, सरसफाइ अभियान कार्यक्रम होडिङ बोर्ड लेखाइ समेत कार्यक्रम सम्पन्न भएका र जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकका लागि झोला खरिद तथा वितरण, लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग कक्षा संञ्चालन र प्रोत्साहन र जनप्रतिनिधिहरुलाई कानुन निर्माण सम्बन्धि तालिम लगायतका अन्य कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको व्यहोरा सम्मानित सभामा जानकारि गराउन चाहान्छु ।

२. यस आ.व.२०८१/८२ को राजश्व र स्रोत परिचालनतर्फ गाउँपालिकाले राजश्व संकलनको प्रक्षेपण रु. १,१७,७०,०००।- गरिएकोमा हाल २०८१ चैत्र ५ गते सम्म रु ३८,१२,०८२। राजश्व संकलन भएको व्यहोरा सम्मानित सभामा जानकारि गराउन चाहान्छु ।

मोहन सिंह लालचन
अध्यक्ष

३. यस घरपझोङ गाउँपालिकाको मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरामा दर्ता भएको यस कार्यालयको संगठन संरचना र दरवन्दि तेरिज विवरण अनुसार स्थायी पदपुर्ति २५ जना भएको र गण्डकी प्रदेश लोकसेवा आयोग कार्यालय, पोखरामा यस आ.व. ०८१/८२ मा प्रशासन पाचौं तह १ जना, स्टाफ नर्स पाँचौं तह १ जना, हेल्थ असिस्टेन्ट पाँचौ तह २ जना, कृषी सेवा पाँचौ तह १ जना साथै प्रशासन चौथो तह २ जना, कृषि/ ना.प.स्वा.प्रा. चौथो तह १ जना, इन्जिनियरिङ चौथो तह २ जना गरि जम्मा १० जना कर्मचारी यस आर्थिक वर्षमा पदपुर्तिको लागि माग आकृति फाराम भरी पठाइएको व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहान्छु।

४. यस कार्यालयमा आ.व. २०८१/८२ मा प्रनिश थापा (सम्पर्क नं.९८६७८६६१९९) ले मुस्ताङको घरपझोङ गाउँपालिका वडा नं. ५ ठिनिमा रहेको हिउँ चितुवा गुफामा पुग्ने पदमार्ग नहुदा पर्यटकलाई समस्या भएको छ भन्ने व्यहोराको सम्बन्धमा गरेको गुनासो हेलो सरकार मार्फत यस कार्यालयमा प्राप्त भइ सो गुनासोको मिति २०८१।०९।२६ गते हेलो सरकार पोर्टलमा पत्र उपलब्ध गराइ सो गुनासो सम्बोधन भैसकेको साथै यस कार्यालयको उजुरि पेटिका खोल्दा पनि कुनै प्रकारको उजुरी अथवा गुनासो नपरेको व्यहोरा सम्मानित सभामा जानकारि गराउन चाहान्छु ।

५. आ.व.२०८१/८२ को चैत्र ६ गतेसम्म यस कार्यालयमा विभिन्न परियोजना र करारमा ३८ जना कार्यरत कर्मचारीहरु रहेका छन ।

६. गाउँपालिकाको पाँचवटै वडा कार्यालयमा यस आ.व.को हालसम्म भएको पञ्जिकरण सम्बन्धि विवरण तपशिल बमोजिम रहेको छ ।

जन्मः १४, मृत्युः २२, सम्बन्ध विच्छेदः ४, विवाहः २७, बसाइ सरि आएकोः १८, बसाइ सरि जानेः १, जम्माः ८१

<u>समस्याहरुः</u>

- प्रशासन तर्फका कर्मचारी गाउँपालिकाले सेवा करारमा पदपुर्ति गर्न नपाउँदा वडा सचिवको पद रिक्त रहन गएकाले सेवा प्रवाहमा समस्या रहन गएको,
- भौगोलिक विकटता तथा मौसमका कारण कर्मचारिलाई टिकाई राख्न समस्या भएको,
- सरुवा भई गएका कर्मचारीको यसै पालिका भित्र राखी लोकसेवा आयोगमा माग आकृति फाराम भरी पठाउन नपाउने व्यवस्थाले कर्मचारीहरु न्यून हुँदै जाने र सेवा प्रवाहमा समस्या थपिँदै जाने स्थिति सिर्जना भएको ।

<u>सुझावहरुः</u>

- यस कार्यालयमा सुशासन कायम गर्ने सिलसिलामा कार्यालयबाट प्रवाह हुने विभिन्न प्रकारका सूचना प्रभावकारि रुपमा संञ्चार गर्न कार्यालयको वेवसाइट अध्यावधिक बनाउने, कार्यालयको फेसवुक पेज र म्यासेन्जर ग्रुपलाइ चुस्त राख्दै सो माध्यामबाट गाउँपालिकाको आधिकारिक

मोहन सिंह लालचन
अध्यक्ष

सूचना, जानकारिमुलक सन्देश र महत्वपुर्ण भेटघाटका सूचनाहरु मात्र प्रवाह गर्न सुझाव दिन चाहान्छु ।

- पालिका अन्तर्गतका कार्यालयमा पालिकाबाट नियन्त्रण हुने गरि विद्युतिय हाजिरको व्यवस्था गरि सो विद्युतिय हाजिरलाई आधार मानेर तलवभत्ता भुक्तानि हुने व्यवस्था अविलम्ब गर्नका लागि सुझाव दिन चाहान्छु ।

## कार्यसूची ४ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले न्यायिक समितिका संयोजक एवंम् उपाध्यक्ष श्री जमुना थापा मगरले न्यायिक समितिको चालु आ.ब.को हाल सम्मको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय:**

सभाध्यक्षज्यू, चा.लु. आ.ब. को हाल सम्म यस गाउँपालिकको न्यायिक समितिमा एक वटा मात्र गुनासो दर्ता भएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु। पारिवारिक समस्या सम्बन्धी दर्ता भएको वादि र प्रतिवादीको बसोवास वारागुङ गाउँपालिकाको कागबेनीमा रहेको हुँदा दुई पक्षीय छलफलको लागि यस घरपझोङ गाउँपालिका पायक नपर्ने देखिएकोले गुनासोकर्ता संग छलफल गर्दा निजको सहमति बमोजिमनै वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको न्यायिक समितिबाट आवश्यक प्रकृया अघी बढाउने सहमति भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई अझै व्यवस्थित गर्नु पर्ने दखिएको छ । मेलमिलाप केन्द्रहरुलाइ व्यवस्थित गर्न न्यायिक समितिबाट घरपझोङ **"गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि"** तयार गर्ने प्रकृया अघी बढेको जानकारी गराउन चाहन्छु ।

सभाध्यक्षज्यू,

गाउँपालिकाको थोरै जनसंख्या, सामाजिक सहिष्णुता तथा गाउँपालिका अन्तरगत रहेका वस्तीहरुमा स्थानीयस्तरमा मेलमिलापको प्रकृया द्वारा निरुपण गर्न सकिने स-साना पारिवारिक तथा सामाजिक विवादहरु बस्तीस्तरबाटनै निरुपण तथा समाधान गर्ने व्यवस्था रहेको विद्यमान अवस्थाका कारण पनि न्यायिक समितिमा कम मात्रै विवादहरु दर्ता हुने गरेको हुँदा यसले हाम्रो समाजमा हामी एक आपसमा मिलेर बसेका छौं र न्यायिक समितिमा आउनुपर्ने विवाद कम रहेको अनुभूति भएको छ ।

## कार्यसूची ५ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक एवंम् उपाध्यक्ष श्री जमुना थापा मगरले चालु आ.ब. २०८१।८२ को हाल सम्मको अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

सोहन सिंह लालचन
अध्यक्ष

बार्ड सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

देहाय :

सभाध्यक्षज्यू, अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा चालु आ.ब. २०८१।८२ को हाल सम्मको अनुगमन तथा सुपरिवेक्षणको प्रगति प्रतिवेदन सभा समक्ष पेश गर्न चाहन्छु।

चालु आ.व. २०८१।८२ मा गाउँपालिकाको समानिकरण अनुदान तर्फ विभिन्न ७४ वटा योजना तथा कार्यक्रमहरुको लागि ४ करोड, १७ लाख, ७५ हजार, ९७८ रकमको बजेट विनियोजन भएकोमा हाल सम्म ३८ वटा योजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन् र भुक्तानी माग भएका योजनाहरुको ९५ लाख, ९१ हजार, ३९४।७२ पैसा भुक्तानी भएको छ ।

चालु आ.ब.मा कुल जम्मा स्वीकृत पूर्वाधार निर्माण तथा अन्य कार्यक्रमहरुको हाल सम्मको प्रगतिको अवस्था केही कार्यक्रम बाहेक अन्य सबै कार्यक्रम तथा योजनाहरुको कार्य प्रगति सन्तोषजनक रहेको देखिन्छ । निर्माण व्यवसायीबाट कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको ठेक्का प्रक्रिया सम्पन्न भई सकेको व्यहोरा सभाध्यक्षज्यू मार्फत यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

सभाध्यक्षज्यू, ठुला तथा प्राविधिक दक्षता आवश्यक पर्ने किसिमका योजनाहरुको शुरुवाती चरण देखिनै अनुगमन तथा सुपिरवेक्षण समिति, प्राविधिक लगायत विभिन्न सरोकारवालाहरुबाट अनुगमन गर्ने व्यवस्था मिलाईएको छ । योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको विभिन्न चरणमा आवश्यकता अनुसार अनुगमन गरि निर्देशन दिने र योजना सम्पन्न भए पश्चात समितिबाट अनुगमन गर्दा सन्तोषजनक देखिएमा मात्र अन्तिम भुक्तानीका लागि कार्यालयमा सिफारिस गर्ने गरिएको छ ।

संघीय र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत रु.४ करोडका ५ वटा पूर्वाधार निमार्णका कार्यक्रमहरु स्वीकृत भएका छन् । कार्यक्रमहरुको हाल सम्मको प्रगति निम्नानुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | विनियोजित रकम | खर्च/पेश्की | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुक्तिनाथ अन्नदान क्षेत्र अतिथि भवन पूर्वाधार | जोमसोम | ९० लाख | १९,८७,९३२ | काम भईरहेको |
| २ | मार्फा छैरो जाने बेलीबृज निर्माण | मार्फा/छैरो | १ करोड ४० लाख | ४५,६२,००० | काम भईरहेको |
| ३ | स्याउ ग्राम निर्माण ठिनी | ठिनी | ७० लाख | ०० | सम्झौता हुन बाँकि |
| ४ | खेलग्राम पूर्वाधार निर्माण | मार्फा | ४० लाख | ०० | |
| ५ | रोङती देखि पुल्चोक झो.पु. सम्म कालीगण्डकी नदीमा बोल्डर सहितको तटबन्धन | स्याङ | ६० लाख | ०० | सम्झौता हुन बाँकि |
| | कुल जम्मा | | ४ करोड | ६५,४९,९३२ | |

मोहन सिंह लालचन
अध्यक्ष

त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ छैरो गाउँ भित्रको १७०० मिटर गोरेटो बाटोको स्तरोउन्नती गरेको र युवा, खेलकुद तथा शिक्षा विकास शाखा, महिला, बालबालिका तथा समाजकल्याण शाखा, पशु सेवा शाखा, कृषि विकास शाखा लगायत अन्य शाखा तथा इकाईहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

सभाध्यक्षज्यू

योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा देखिएका केही समस्याहरु यस प्रकार रहेका छनः

**समस्याहरुः-**

१. उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुमा आवश्यक पर्ने दक्ष कामदारहरु स्थानीय स्तरमा आवश्यकता अनुसार उपलब्ध नहुनु ।
२. निर्माण व्यसायीहरुले निर्माण कार्य छिटो छरितो रुपमा गर्न नसकेका कारण बजेट फ्रिज हुने गरेको ।
३. टुक्रे तथा स-साना योजना तथा कार्यक्रमहरु धेरै हुँदा दिगो र प्रतिफलमुखी विकासका लक्ष्य प्राप्त गर्न कठिनाई हुने गरेको।
४. गरिब परीवार लक्षित कार्यक्रमहरु न्यून हुनु ।

**सुझावहरु**

१. स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने ।
२. ठेक्कापट्टा मार्फत कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरुको ठेक्का प्रक्रिया पहिलो चौमासिक भित्र सम्पन्न गर्नु पर्ने ।
३. टुक्रे तथा साना योजनाहरु छनौट गर्ने कार्यलाई निरुत्साहन गर्नुपर्ने।
४. गरिब तथा सिमान्तकृत घरपरिवार पहिचान गरी आर्थिक आयआर्जनका कार्यक्रम तथा योजना सञ्चालन गर्नुपर्ने ।
५. स्थानीय स्तरका अनुगमन तथा सुपरिवेक्षण समितिको भुमिकालाई अझै सशक्त र प्रभावकारी बनाई नियमित रुपमा योजना तथा कार्यक्रमको अनुगमन गर्ने कार्यलाई तिब्रता दिनुपर्ने ।

**कार्यसूची ६ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकालीले चालु आ.ब. २०८१।८२ को हाल सम्मको सार्वजनिक लेखा समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

देहायः

सभाध्यक्ष महोदय, सार्वजनिक लेखा समितिको संयोजकको हैसियतले आज म यस गरिमामय सभामा चालु आर्थिक वर्षको आम्दानी खर्च समेतको प्रगति, समस्या लगायतका विषयवस्तुहरुको समष्टिगत प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१. चालु आर्थिक वर्षको कुल बजेट रकम २९ करोड ५६ लाख १२ हजार ४ सय ९० रुपैयाँ मात्र स्वीकृत भई अख्तियारी प्राप्त भएकोमा हाल सम्म चालु र पूँजिगत गरी जम्मा ८ करोड ८५ लाख २ हजार ५ सय ३४ रुपैयाँ खर्च भएको छ, जुन रकम कुल बजेटको करिब ३०% मात्र हो ।

२. उल्लेखित कुल बजेट मध्य चालु बजेट रकम २० करोड ३४ लाख ९० हजार ४ सय ९० रहेकोमा हालसम्म ७ करोड ४ लाख ४९ हजार ६ सय ८० रुपैयाँ चालु खर्च देखिन्छ, जुन कुल चालु बजेटको करिब ३५ % हुन आउँछ ।

३. चालु आर्थिक वर्षको लागि विनियोजित बजेटमा कुल पूँजिगत बजेट रकम ९ करोड २१ लाख २२ हजार रहेकोमा हालसम्मको खर्च रकम १ करोड ८० लाख २२ हजार ८ सय ५३ रहेको छ, जुन पूँजिगत बजेटको २० % मात्रै हो ।

४. गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण कार्य समेत सम्पन्न भईसकेको र प्रतिवेदन समेत जारी भईसकेको व्यहोरा म यस सम्मानित सभामा जानकारी गराउँदछु । गाउँपालिका स्थापना देखि हालसम्म आइपुग्दा यस घरपझोङ गाउँपालिकाको कुल बेरुजु रकम भने बढी रहेको अवस्था छ । कुल लगती बेरुजु घटाउनका लागि सार्वजनिक लेखा समितिको बैठक बसी गत आ.व २०८०/८१ मा अनियमित भनी औँल्याइएको बेरुजु रकम रु. २८ लाख ७३ हजार ३ सय २५ रुपैयाँ नियमित गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोधका लागि निर्णय गर्न समेत लेखा समितिको बैठकबाट निर्णय भएको छ। आशा छ यस सम्मानित सभाले यस सम्वन्धमा आवश्यक निर्णय लिनेछ ।

<u>समस्याहरुः-</u>

- संघीय तथा प्रदेश सरकारबाट सिलिङ प्राप्त हुने अनुदान बराबरको रकम आर्थिक वर्षको अन्त्यतिर कटौती हुने गरेको ।
- गाउँपालिकाबाट बजेट विनियोजन भै कार्यान्वयन हुने योजनाहरु प्रतिफल दिने तथा आर्थिक विकासमा जोड दिने खालका योजनाहरु छनौट हुन नसकेकको ।
- आन्तरिक राजस्व संकलन तर्फ राजस्वका थप श्रोतहरु पहिचान हुन नसकेको।

<u>सुझावहरुः-</u>

संघीय सरकारले वित्तिय समानिकरणको अनुदान रकम घटाउँदै लगेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले विनियोजन गरी कार्यान्वयन गर्दै गरेका योजनाहरु प्रभावित नहुने गरी बजेट सुनिश्चित गर्नुपर्ने हुन्छ ।

आन्तरिक राजस्व वृद्धि गर्नको लागि राजस्वका थप दायराहरु पहिचान गरी प्राकृतिक श्रोततर्फका शुल्कहरु उठाउने तर्फ पनि पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

पालिकाले योजनाहरु छनौट गर्दा दिगो विकासलाई ध्यान दिँदै प्रतिफल दिने र आर्थिक विकासलाई सहयोग पुग्ने खालका योजनाहरु छनौट गर्नुपर्ने देखिन्छ ।

मोहन सिंह लालचन
अध्यक्ष

## कार्यसूची ७ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समितिका संयोजक श्री फलेन्द्र प्रसाद थकालीले आर्थिक विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

आर्थिक विकास समितिको आ ब २०८१।०८२ को हाल सम्मको कार्य प्रगति प्रतिवेदन :

सभाध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समितिको आ ब २०८१।८२ को हाल सम्मको कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु ।

### कृषि विकास शाखा तर्फ

| क्र.सं. | कार्यक्रम/योजनाको ना | इकाई | परिमाण | कार्यान्वयन स्थान | बजेट | प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | स्याउको कार्टुन ५ के.जी. ५०% अनुदान | पटक | १ | गा.पा. | रु.२,००,०००।- | १००% | |
| २. | ATSO(खनिज तेल) ५० % अनुदान | पटक | १ | गा.पा. | रु.१३,००,०००।- | ८६.१५% | ढुवानी र डोर हाजिरी भुक्तानी बाकी रहेको। |
| ३. | नयाँ स्याउ पकेट विकास कार्यक्रम | पटक | १ | गा.पा. | रु.१२,००,०००।- | | सम्झौता भई कार्यान्वयनमा रहेको |
| ४. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | गा.पा. | रु.६,००,०००।- | ४०.८२% | अनुगमन तथा भुक्तानी हुन बाँकी |
| ५. | किसान सूचीकरण कार्यक्रम | पटक | १ | गा.पा. | रु.२,००,०००।- | ६% | कार्यान्वयनमा रहेको |
| ६. | कृषि, पशुपन्छी तथा मत्स्य अध्यवधिक कार्यक्रम | पटक | १ | गा.पा. | रु.१,००,०००।- | | कार्यान्वयनमा रहेको |

क) पशुपन्छी विकास शाखा अन्तर्गतका कार्यक्रमहरु (वितिय समानिकरण अनुदान)

| क्र.स. | कार्यक्रम/योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | बजेट | प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २ | औषधी खरिद वितण | पटक | १ | गा.पा. | तीन लाख | प्रक्रियामा रहेको | |
| ३ | आन्तरिक तथा बाह्यपरजीवी नियन्त्रण | पटक | १ | गा.पा. | दुई लाख | प्रक्रियामा रहेको | |

मोहन सिंह लालचन
अध्यक्ष

वारगुङ मुक्तिक्षेत्र गाउँपालिका गाउँ सभाको सचिवालय

ख) पशुपन्छी विकास शाखा अन्तर्गतका कार्यक्रमहरु( सशर्त अनुदान )

| क्र.स. | कार्यक्रम/योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | बजेट | प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | याक प्रवर्द्धन कार्यक्रम | पटक | १ | गा.पा. | पाँच लाख | प्रक्रियामा रहेको | |
| २ | च्याङग्रा प्रवर्द्धन कार्यक्रम | पटक | १ | गा.पा. | छ लाख | प्रक्रियामा रहेको | |
| ३ | रेविज रोग नियन्त्रण तथा घर पालुवा तथा सामुदाय छाडा कुकुर बन्ध्याकरण | पटक | १ | गा.पा. | अन्ठानब्बे हजार सात सय पच्चास रुपैया | समपन्न | ८१ ओटा कुकुर लाई |
| ४ | महामरी आकस्मिक रोग नियन्त्रण कार्यक्रम | पटक | १ | गा.पा. | असी हजार | आवश्यकता अनुसार खर्च गरिने । | |
| ५ | एक पालिका एक भेटेरिनरी डाक्टर | पटक | १ | गा.पा. | पाचँ लाख पच्चिस हजार | सूचना प्रकाशन भएको कुनै पनि निबेदन नपरेकोले कर्मचारी भर्ना नगरिएको | |

**समस्या**

१. कृषि तथा पशुपन्छी विकास तर्फका कार्यक्रमहरु खरिद तथा वितरण मुखी हुने गरेको, नतिजा मुखी रोजगार मूलक, आय आर्जन र दिगो विकास हुन नसकेको ।

२. कृषकहरुले व्यक्तिगतरुपको कार्यक्रमहरुमा बढी अग्रसर हुने र सामुहिक रुपमा हुने कार्यक्रममा कम प्राथाथिकता दिने गरेको ।

३. आर्थिक विकास समितिबाट संचालन हुने कार्यक्रमहरु बढी मात्रमा निर्माण सम्बन्धी कार्यक्रम प्रस्ताव आउने, सोही बमोजिम स्वीकृत हुने , कृषि तथा पशुपन्छी विकासमा कम बजेट बिनियोजन हुने गरेको ।

४. सहकारी संस्थाहरु क्रियाशिल नहुदा पालिकासंग साझेदारीमा हुने कार्यक्रममा इच्छाशक्ति कम रहेको ।

५. मागमा आधारीत कार्यक्रम हुने हुँदा माग अनुसारको वितरण गर्न नसकिएको ।

६. संघ र प्रदेशबाट आउने कार्यक्रमहरुको कार्यविधि समयमा नआउदा र कृषकको माग अनुसार कार्यक्रम समयमा सम्पन्न हुन समस्या रहेको ।

**सुझाव**

- कार्यक्रमहरु छनौट गर्दा नतिजामुखी, रोजगारमूलक, आय आर्जन र दिगो विकास हुने कार्यक्रममा जोड दिनु पर्ने।
- विकास निमार्णको मात्र अनुगमन नगरी उत्पादन तथा सेवामुलक कार्यक्रमहरुलाई पनि अनुगमन गर्नुपर्ने ।

मोहन सिंह लालचन
अध्यक्ष

- सामुहिक रुपमा हुने कार्यक्रमहरुलाई जोड दिनुपर्ने ।
- वडा स्तरीय योजना तथा आर्थिक विकास तर्फका योजनाहरु छनौट गर्दा विकास निर्माण तर्फका योजना भन्दा नतिजा मुखी र बढी आय आर्जन हुने खालका प्रतिफलमुखी योजना छनौट गर्नु पर्ने।
- मागमा आधारीत कार्यक्रम संचालन गर्दा अनुदान प्रतिशत घटाउदै लैजाने र वितरण परिमाण बढाउदै लैजाने साथै अनुदानलाई प्रतिफलसँग जोडनुपर्ने ।

**कार्यसूची ८ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले पूर्वाधार विकास समितिका संयोजक श्री मन बहादुर हिराचनले पूर्वाधार विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

सभाध्यक्षज्यू, चालु आ.व. २०८१/८२ मा पूर्वाधार विकास समिति लगायत विभिन्न अन्य विषयगत समिति तर्फका कुल ७४ वटा योजना रहेकोमा हाल सम्म ३८ ओटा योजनाहरु सम्पन्न भई सकेको जानकारी गराउन चाहन्छु । भुक्तानी माग भएका विभिन्न योजना तथा कार्यक्रमको हाल सम्म रु. ९५ लाख ९१ हजार ३९४।७२ पैसा रकम भुक्तानी भई सकेको छ । धेरै जसो ठुला पूर्वाधार निर्माणका योजना तथा कार्यक्रमहरुको निर्माण कार्यहरु शुरुवाती अवस्थामा रहेको हुँदा निर्माण कार्यको गुणस्तर कायम गर्दै तोकिएको समय अवधी भित्र निमार्ण कार्य सम्पन्न गर्नका लागि हामी जनप्रतिनिधि लगायत कर्मचारी सबैले आ-आफ्नो तर्फबाट थप ध्यान दिनुपर्ने देखिएकोले सम्बन्धित सबैलाई यस सम्मानित सभा मार्फत ध्यानाकर्षण गर्न चाहन्छु । चिसो मौसम र निर्माण व्यवसायीहरुको कार्य सुस्तताका कारण कतिपय योजनाहरु समयमा सम्पन्न हुन नसकी समस्या उत्पन्न हुने समेत भएकोले त्यस तर्फ विशेष गरी प्राविधिक कर्मचारीहरुले ध्यान दिनु पर्ने देखिन्छ ।

सभाध्यक्षज्यू,

चालु आ.ब.मा पूर्वाधारका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा देखिएका केही समस्याहरु र सुझाव तपसिल बमोजिम पेश गर्ने अनुमति चाहन्छु ।

**समस्याहरु:-**

१. टुक्रे योजनाहरु धेरै हुने हुँदा प्रतिफल नदेखिने ।
२. उपोभोक्ता समितिबाट पनि आफै काम नगरि ठेक्का मार्फत काम गर्ने प्रवृत्ति देखिएको ।
३. योजना सम्पन्न हुने तर उपभोक्ता समितहरुबाट योजना सम्पन्न भएको दुरुस्त विल भर्पाई र अन्य भुक्तानीका कागजातहरु पेश हुन नसक्दा भुक्तानीमा समस्या भएको ।
४. योजना सम्पन्न पछी सम्बन्धित योजनाका उपोभोक्ता समितिमा अपनत्वको भावना सिर्जना हुन नसकेको ।
५. योजना तथा कार्यक्रमहरुको सम्बन्धित सबै तहबाट नियमित अनुगमन हुन नसकेको ।

मोहन सिंह लालचन
अध्यक्ष

सुझावहरु यस प्रकार रहेको छ :

१. बस्ती स्तरबाट प्रतिफल देखिने योजनाहरु छनौट गर्नुपर्ने ।

२. उपभोक्ता समितिबाट ठेक्का लगाउने प्रवृत्तिलाई रोक्नु पर्ने ।

३. योजना कार्यान्वयनको समय देखिनै योजना सम्बन्धी सबै कागजातहरु दुरुस्त रुपमा राखे व्यवस्था मिलाउनु पर्ने ।

४. योजना कार्यान्वयनको चरण दखिनै सम्बन्धित सबै तहबाट नियमित रुपमा अनुगमन गर्नु पर्ने ।

५. रु.५ लाख भन्दा माथीका योजनाहरुको निर्माण स्थलमा योजनाको विवरण खुल्ने गरी अनिवार्यरुपमा सूचना पाटी राखे नीतिलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने।

<u>**कार्यसूची ९ बमोजिमको निर्णय :-**</u>

सभाध्यक्षज्यूको अनुमतिले सामाजिक विकास समितिका संयोजक श्री आस बहादुर थकालीले सामाजिक विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

सभाध्यक्षज्यू, सामाजिक विकास समितिको संयोजकको हैसियतले चालु आ.व. २०८१।८२ को हाल सम्ममा सामाजिक विकासको क्षेत्रमा भएको प्रगति, समस्या तथा यस समितिको बैठकले पारित गरेका केही सुझावहरु यस सम्मानित सभा समक्ष पेश गर्न चाहान्छु।

**<u>शिक्षा तर्फ</u>**

- शिक्षा समितिको २ वटा बैठक सम्पन्न गरी जनशक्ति ब्यवस्थापनका समस्या संम्बन्धमा कार्यपालिकामा सिफारिस गरिएको छ।
- संघीय विशेष अनुदान अन्तर्गत आगमि आ.व को लागि बालमैत्री स्थानीय शासन विकास सम्बन्धमा १ करोड ६५ लाख ५० हजारको कार्यक्रम प्रस्ताव तयार गरी माग गरिएको छ।
- गाउँपालिकाबाट सञ्चालन र प्रमाणीकरण गर्ने कक्षा ८ को परीक्षाको कार्यको लागि गाउँपालिकाको परिक्षा समितिको बैठक बसी समय तालिका र प्रश्नपत्र निर्माणको कार्यसमेत भईरहेको छ।
- बालमैत्री स्थानीय शासन प्रबर्द्धनको लागि विद्यालयमा अपांगता मैत्री शौचालय निर्माण गर्न विद्यालयहरुको प्रस्ताव माग भई कार्यान्वयनको चरणमा रहेको छ।
- सशर्त तर्फ शिक्षा क्षेत्रको सशर्त तर्फको कुल बजेट प्रगति ६ करोड ९२ लाख ८ हजार रहेकोमा ३ करोड ३५ लाख ९८ हजार ६ सय १७ रुपैया खर्च भई ४८.५४% प्रगति रहेको छ।
- गाउँपालिका तर्फको कार्यक्रमा कुल विनियोजित बजेट ३५ लाख ५० हजार रहेकोमा हाल सम्म जम्मा ५ लाख १० हजार खर्च भई १४.३७%को कार्यप्रगति रहेको र यस तर्फका कार्यक्रमहरु धेरै जसो बैशाख तथा जेष्ठ महिनामा सम्पन्न हुनेछन्।

मोहन सिंह लालचन
अध्यक्ष

बरपफोङ गाउँपालिका

**सभाध्यक्षज्यू, स्वास्थ्य शाखा तर्फको हाल सम्मको प्रगति विवरण पेश गर्न चाहान्छु,**

- घरपझोङ गाउँपालिकाको स्वास्थ्य संस्थाहरुबाट हालसम्म ११,४६५ जनालाई सेवा प्रवाह गरिएको छ जस मध्ये नयाँ ओ.पि.डी. सेवा लिनको संख्या ६,८४५ रहेको छ भने गाउँघर क्लिनिकबाट ५५८ जना र खोप क्लिनिकबाट १९७ जनालाई सेवा पर्वाह गरिएको छ ।मार्फा स्वास्थ्य चौकिको प्रयोगशालाबाट २१७ जनालाई सेवा दिइएको छ । गाउँपालिकाका २९ जना बालबालिकाहरुले पूर्ण खोप पाएका छन् । गाउँपालिकाको जोमसोम र मार्फा स्वास्थ्य चौकी (बर्थिङ सेन्टर) बाट ५ जना महिलाहरुलाई सुत्केरी सेवा दिइएको छ भने १ जना नयाँ क्षयरोगीको उपचार गरेको भैरहेको छ। २ वटा स्वास्थ्य चौकिको न्यूनत्तम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ। विद्यालय जाने ६ दखि १० कक्षा सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ बर्षका किशोरी गरि जम्मा १८३ जनालाई पाठेघरको मुखको क्यान्सर विरुध्द HPV खोप लगाउने कार्यक्रम सम्पन्न भएको छ।
- गाउँपालिकाको स्वास्थ्य शाखाको सशर्त अनुदान तर्फ १ करोड ४७ लाख ७८ हजार बिनियोजित रकममा ६६ लाख ५ हजार ३ सय बइसठ्ठी रुपैया खर्च ४४.६९ प्रतिशत हासिल गरेको छ भने गाउँपालिका तर्फको कार्यक्रममा कुल विनियोजित बजेट ३३ लाख ६५ हजार रहेकोमा ८८ हजार ३ सय ४१ रुपैया खर्च भई २.६२ प्रतिशत खर्च प्रगति रहेका छ। स्वास्थ्य तर्फको गाउँपालिका तर्फको बजेट खर्च न्यून प्रगति रहेकोमा स्वास्थ्य शाखाको वार्षिक योजना अनुसार ८ लाखको स्वास्थ्य बिमा कार्यक्रम र ५ लाख उपाध्यक्ष संग वृहत स्वास्थ्य शिविर कार्यक्रम यहि वैशाख महिनामा गरिने जानकारी गराउन चाहन्छु ।साथै बाकी कार्यक्रमहरु जेठ मसान्त सम्म सम्पन्न गरि सक्ने योजना रहेको छ । नेपालको दिगो विकास लक्षसंग सम्बन्धीत मातृ मृत्यु तथा नवशिशु मृत्यु दरलाई कम गराउन सहयोग पुऱ्याउने ग्रामिण अल्ट्रासाउन्ड मेसिन व्यवस्थापनको लागि माथिल्लो निकाय संग समन्वय भईरहेको जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्षज्यू, महिला, बालबालिका तथा समाजकल्याण शाखा तर्फको हाल सम्मको प्रगति विवरण पेश गर्न चाहान्छु,**

- गाउँपालिका कार्यक्रम तर्फको कुल ११ लाख ३० हजार विनियोजन भएकोमा हालसम्म ३ लाख ९६ हजार ८ सय खर्च भई ३५.११% कार्य प्रगति हासिल भएको छ भने सशर्त अनुदान तर्फ राष्ट्रपति महिला सशक्तिकरण परियोजना तर्फ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम जेष्ट मसान्तसम्म सम्पन्न गर्ने योजना रहेको छ।

  यस गाउँपालिकाले २०८३ साल असार मसान्तसम्म बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष लिए अनुरुप चालु आ.व.मा केही बालमैत्री लक्षित कार्यक्रमहरु सन्चालनमा रहेका छन् साथै लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा अभिमूखिकरण, स्थानीय बाल सञ्जाल कार्यक्रम सन्चालन, गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट २०८० सालको एस.ई.ई.परीक्षामा साधारण र प्राविधिक धारतर्फ उत्कृट छात्र/छात्रा १/१ जनालाई पुरस्कृत कार्यक्रम (जम्मा ४

मोहन सिंह लालचन
अध्यक्ष

जना), बाल कोषमा रकम जम्मा, **(हालसम्म रु. ७० हजार)** अपाङ्गता भएका विद्यार्थीहरुलाई स्टेशनरी सामाग्री वितरण कार्यक्रम अन्तर्गत ११ जना विद्यार्थीलाई स्टेशनरी वितरण, लैङ्गिक स.सा.स. परीक्षण तथा लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यक्रमहरु सम्पन्न भै सकेको छ साथै जेष्ठ नागरिक परिचय पत्र वितरण र अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी समितिको बैठक राखी परिचय पत्र वितरण भई राखेको छ ।

**यस शाखाको बाँकि तपसिलका कार्यक्रमहरु बार्षिक कार्ययोजना बमोजिम २०८२ साल जेष्ठ मसान्त सम्म सम्पन्न गरिसक्ने योजना रहेको छ ।**

- नेतृत्व विकासका लागि उद्घोषण तथा भाषणकला तालिम,
- बाल अधिकार, बाल यौन दुर्व्यवहार, बाल विवाह, बालश्रम न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम
- बालबालिका सम्बन्धी स्थितिपत्र तयारी र प्रकाशन,
- बाल श्रमिकहरुको तथ्याङ्क संकलन तथा अनुगमन र बालश्रम मुक्त स्टिकर टाँस कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकतामा आधारित सहायक सामाग्री विवरण र वातावरण मैत्री, पुनः प्रयोग गर्न मिल्ने कपडाको सेनेटरी प्याड वितरण तथा अभिमूखीकरण कार्यक्रमको लागि वडागत तथ्याङ्क संकलन भै सकेको छ ।

**सभा अध्यक्षज्यू, अब म सामाजिक विकास समिति अन्तर्गत रहेका समस्या प्रस्तुत गर्न चाहान्छु।**

- केही विद्यालयमा शिक्षक दरबन्दी कम र केहीमा विद्यार्थी संख्या कम हुँदा सबै शिक्षकहरुलाई समान कार्यभार दिन नसकिएको ।
- विद्यार्थी संख्या नहुँने तर शिक्षक विद्यालयमा पर्याप्त काम नपाएर त्यसै बसिरहने अवस्था सिर्जना भएको ।
- नेपालभरी शैक्षिक शत्रमा एकरुपता ल्याउने राज्यको नीतिले हाम्रो पालिका अन्तर्गतका विद्यालयहरुको मौसम र हावापानी अनुकूल नहुदाँ पठनपाठनमा प्रतिकूल असर परेको छ ।

**सुझावहरुः**

- बर्तमान अवस्थामा नयाँ शैक्षिक सत्रमा विद्यार्थी संख्या बढी अनि शिक्षक संख्या कम भई शिक्षण कार्यमा समस्या देखिएका विद्यालयहरुमा तुरुन्तै शिक्षक दरबन्दी ब्यवस्थापन गर्नु पर्ने देखिन्छ।
- विद्यार्थी कम हुने विद्यालयहरुमा पठन पाठनको कार्यक्रम स्थगन गरी शिक्षकलाई तुरुन्तै अन्यत्र काज खटाउनु पर्ने देखिन्छ।
- सामुदायिक विद्यालयहरुमा स्कूल बसको व्यवस्थापन गरी विद्यालयहरुलाई आवश्यकता र औचित्यताको आधारमा व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

<u>कार्यसूची १० बमोजिमको निर्णय :-</u>

सभाध्यक्षज्यूको अनुमतिले वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री प्रदिप थकालीले वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

मोहन सिंह लालचन
अध्यक्ष

देहायः

**सभाध्यक्षज्यू,** वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकको हैसियतले म यस गरिमामय सभामा चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालय मार्फत वातावरण र विपद् क्षेत्रमा भए गरेका कार्यक्रमहरुको प्रगति, यस क्षेत्रमा देखिएका समस्या तथा केहि सुझावहरु समेटि संक्षिप्त प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व.को शुरुवात सँगै वडा नं. ४ मा दलित समूह भवनमा ढलनिकास तथा व्यवस्थापन गर्ने कार्यक्रम सम्पन्न भएको, वोतल कलेक्टर खरिद गरी पर्यटकीय स्थानहरुमा राखि सकेको, प्लाष्टिकजन्य फोहरहरु व्यवस्थापन गर्नका लागि आमा/महिला समूह, टोल विकास समिति, विद्यालयहरुलाई बोरा वितरण गरिएको छ ।विभिन्न ठाउँहरुमा जथाभावी फोहर फाल्न नदिनका लागि होर्डिङ बोर्डहरु राखिएको छ। यस पालिकालाई पर्यटकीय गन्तव्य बनाउन, सफा, स्वच्छ वातावरण निर्माणका लागि विभिन्न ठाउँहरुमा उपयोगी लेख सहित जानकारीहरु राखिएका छ ।

समस्या

१. फोहोर संकलन गर्ने बोतल कलेक्टरमा जथाभावी सबै प्रकारको फोहर राखिएको देखिएको छ ।
२. सेनिटरी प्याडहरुको उचित व्यवस्थापन हुन नसक्दा कुकुरहरुले समेत यत्रतत्र छरेर वातावरण दुर्गन्धित बनाएको भेटिएको छ ।
३. यस पालिकामा आगलागीका घटनाहरुबाट मानविय तथा भौतिक क्षति भएको छ ।
४. आमा/महिला समूहहरुले केही वडामा घरधुरीबाट वर्गीकरण भई आएका फोहरहरुलाई जलाउने तथा प्याकेजीङ काम गरि रहनु भएको छ तर मुख्य बजार, बस्तीहरुमा भने यो विधि अवलम्बन हुन बाँकी नै रहेको छ ।
५. विपदका सामाग्रीहरु केही प्रयोग बिहिन अवस्थामा रहेको र केही सामाग्रीहरु अपुग रहेको देखिएको छ ।

सुझाव

१. सबै प्रकारका फोहरहरु एकै ठाउँमा थुपार्ने प्रविधि, शहरी वस्तीहरुमा फोहरमैला व्यवस्थापनका लागि फोहर वर्गीकरण गर्ने, अन्य स्थानको असल अभ्यास आदानप्रदान गराउने, अभिमुखिकरण तालिम सञ्चालन गर्न जरुरी देखिएको देखिएको छ ।
२. नकुहिने र जलाउन पर्ने सेनिटरी प्याडको सट्टा गाउँपालिकाले पुनः प्रयोग गर्न मिल्ने कपडाको प्याड वा फोहर व्यवस्थापन गर्न सेनिटरी प्याड डिस्पोजल मेशिन खरिद गर्न आवश्यक छ ।
३. यस पालिकामा आगलागीका घटनाहरुबाट वच्न र बचाउन भविष्यमा फायर हाइड्रेनको कन्सेप्टमा जानुपर्ने देखिन्छ ।साथै यस पालिकाका युवाहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई "विपद प्रतिकार्य" सम्बन्धी विशेष तालिम समेत प्रदान गर्न आवश्यक रहेको छ ।

मोहन सिंह लालचन
अध्यक्ष

फरफाेङ गाउँपालिका

४. विपद्का सामाग्रीहरुको पहिचान गरी थप विपद् सामाग्रीहरु व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## कार्यसूची ११ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकालीले आ.ब. २०८०।८१ को नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौट सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

### तपसिल :

सभाध्यक्ष महोदय, मिति २०८१ फागुन २८ गते बसेको बैठकबाट पारित गरी महालेखापरीक्षकको कार्यालय, काठमाडौंबाट अन्तिम लेखापरीक्षण भई जारी गरिएको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएका देहाय बमोजिमका नियमित गर्नुपर्ने बेरुजु रकम सम्मानित सभा मार्फत नियमित गरियोस भनी प्रस्ताव पेश गर्दछु।

| क .सं. | बेरुजुको व्यहोरा | नियमित गर्न मिल्ने आधार |
|---|---|---|
| १ | **दफा- ४७. ग्रेडिङ मेशिन स्पशिफिकेशन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ क. मा सार्वजनिक निकायले मालसामान खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिम स्पशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी नियम १४ बमोजिम तोकिएको अधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्याउग्राम निर्माण गर्दा गतवर्ष खरिद भएको मेशिनको मूल्य रु. १४ लाख ५० हजारलाई लागत कायम गरी स्याउ ग्रेडिङ्ग गर्ने मेशिन खरिद समेत भवनको लागत आइटममा समावेश गरी रु. १४ लाखमा निर्माण व्यवसायीमार्फत आपूर्ति भएको पाइयो। भवन निर्माण र स्याउ वासिङ्ग तथा ग्रेडिङ्ग गर्ने मेशिनको लागत एकै प्रकारको नहुने तथा उपभोक्ताबाट खरिद भएको दरलाई बोलपत्रको लागत मान्न नसकिने तथा स्पेशिफिकेशन बेगर खरिद कार्यमा भएको भुक्तानी नियमित नदेखिएको रु. १४,००,०००/- | संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको योजनाको रुपमा स्याउग्राम निर्माण ठिनी, को लागि रु ८० लाख प्राप्त भएको र ई-बिड मार्फत ठेक्का लगाई लागत इष्टिमेट बमोजिम काम सम्पन हुँदा भौतिक निर्माण तर्फ भवन निर्माण र ग्रेडिङ मेशिन खरिद गरी फिटिङ कार्य सम्पन्न भयो । ग्रेडिङ मेशिनको स्पेशीफिकेशन तयार गर्दा जिल्ला दररेटमा उक्त मेशिनको दर रेट नहुने तथा सप्लायर्स समेत नभेटिएकोले मुस्ताङ स्थित उपभोक्ता समिति मार्फत उक्त प्रकृतिका कामहरु सम्पन्न भएकोले उपभोक्ता समितिले खरिद गरेको रकमलाई नै दररेट मानि लागत अनुमान तयार गरीएको हो । स्याउ ग्रेडिङ तथा प्याकिङ गर्न सहज भएको तथा भावी दिनमा मुस्ताङको स्याउको भण्डारणको लागि सहज हुने र कृषकहरुलाई राहत भएको र कुनै सरकारी हानी नोक्सानी समेत नभएको । |
| २ | **दफा- ६०.१ किसान सूचीकरण कार्यक्रम** किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७, को दफा ८ मा वडा समितिले किसान सूचीकरण अभिलेख प्रमाणीकरण गरी किसानको | संघीय सरकारबाट हस्तान्तरित शसर्त तर्फ किसान सूचिकरण अन्तर्गत कुल बजेट रकम रु.२,७०,०००।- प्राप्त भएको थियो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मार्फत संचालन |

थरपफोङ गाउँपालिका गाउँ सभाको सचिवालय जोमसोम, मुस्ताङ

मोहन सिंह लालचन
अध्यक्ष

| | | |
|---|---|---|
| | सूची हरेक महिना प्रकाशन गर्ने तथा दफा २१ मा स्थानीय तहले आफ्नो कार्य क्षेत्रका किसानहरुलाई सूचीकरण प्रणालीमा आवद्ध गराउन सहजकर्ता परिचालन तथा घुम्ती टोली खटाई अभियान संचालन गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम अन्तर्गत यो वर्ष रु. २ लाख ७० हजार बजेट विनियोजन गरिएकोमा रु. १,७३,३२५।० खर्च गरेकोमा ल्यापटप खरिदमा रु. १,३८,९२५।०, सम्पर्क व्यक्ति खर्च रु.२२,९००।० र बैठक व्यवस्थापनमा रु. ११,५००।० खर्च गरिएको पाइयो।<br>किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणालीमार्फत सङ्कलन गरी किसान सूचीकरण गर्नुपर्नेमा ल्यापटप खरिद, बैठक भत्ता वितरण जस्ता कार्यमा खर्च गर्दा उक्त बजेट उद्धेश्य अनुरुप खर्च भएको छैन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई खर्च नियमित भएको प्रमाण पेश गर्नुपर्ने रु. १,७३,३२५/- | हुने किसान सूचिकरण व्यवस्थापन प्रणाली नियमित संचालन भैरहेको छ, कार्यक्रम कार्यान्वयन कार्यविधी बमोजिम बैठक खर्च तथा मेशिनरी/मसलन्द खरिद गर्न मिल्ने तथा शाखामा समेत अति आवश्यक भएकोले खरिद गरी जिन्सी दाखिला भै कार्यालयको सम्पत्तिको रुपमा कृषि शाखामा सूचिकरण प्रयोजनमै प्रयोग भैरहेको छ। यस बाट शसर्त तर्फको अनुदान फिर्ता नभई कार्यान्वयन हुने भएकोले, सरकारी हानीनोक्सानी नभएको । |
| ३ | दफा- ६२ भूमिगत विद्युतीकरण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ क को उपनियम (९) मा एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा काम गर्नुपर्ने प्रकृतिको निर्माण कार्यलाई अलग प्याकेज बनाइएको, लागत अनुमान अनुसार श्रमिक लागत भार पचास प्रतिशत भन्दा कम भएको निर्माण कार्य लाभग्राही समुहबाट गराउने नहुने व्यवस्था छ। पालिकाले पुथाङ एयरपोर्टमा अण्डरग्राउण्ड विद्युतीकरणका लागि गतवर्ष रु. ६४ लाख र यो वर्ष रु. १३ लाख गरी रु. ७७ लाख निर्माण उपभोक्तालाई भुक्तानी गरेको छ। मुस्ताङ जिल्लामा विद्युत वितरण तथा महशुल संकलन कार्य निलगिरी सहकारी संस्थाले गर्दै आएको छ। उक्त नाफामुलक संस्थाले गर्नुपर्ने प्राविधिक रुपले जटिल भूमिगत विद्युतीकरणको कार्य उपभोक्ता मार्फत पालिकाको बजेटबाट खर्च गरेकोमा सो लागत अनुमान समेत सम्बन्धित प्राविधिकबाट तयार भएको नदेखिएकोले अनियमित रु. १३,००,०००/- | यस घरपझोङ गाउँपलिकाले गत विगत आर्थिक वर्षहरुबाटै वडा नम्बर ३ पूथाङ एयरपोर्ट क्षेत्रमा विधुत भूमिगत गर्ने कार्य गर्दै आइरहेको छ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ताहरुको समेत योगदान रहेको र काम समेत धेरै भएको मर्मत संभार गर्दा स्थानीय लाभग्राहिहरु नै जिम्मेवार हुने भएकोले र लागत साझेदारी समेत भएकोले सम्पन्न भएको कामको दिगोपना गुने देखिन्छ, उक्त काम बाट सरकारी हानीनोक्सानी समेत नभएको । |

घरपझोङ गाउँपालिका गाउँ सभाको सचिवालय जोमसोम, मुस्ताङ स्था: २०७३

सिंह लालचन अध्यक्ष

यसरी कुल अनियमित भनिएको रकम रु.२८,७३,३२५।- नियमित गर्ने प्रस्ताव यस सम्मानित सभा समक्ष पेश गर्दछु।

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री बुद्ध हिराचनले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १२ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आ.ब. २०८१।८२ को विनियोजन ऐन, २०८१ मा केही संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

सभाध्यक्षज्यू, घरपझोङ गाउँपालिका, गाउँसभाको २०८१ असार महिनामा सम्पन्न भएको १४औं अधिवेशनबाट आ.ब.२०८१।८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरुमा केही संशोधन गर्नु परेको र विभिन्न समस्याका कारण सञ्चालन हुन नसकेका योजना तथा कार्यक्रमहरुको बजेट रकमान्तर तथा योजनान्तर गर्नु पर्ने भएको साथै अत्यावश्यक देखि तुरन्तै कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको समेत माग भएको हुँदा बजेटको परिधि भित्र रही विनियोजन ऐन, २०८१ संशोधन गर्न वाञ्छनीय भएकोले घरपझोङ गाउँपालिकाको विनियोजन ऐन, २०८१ को पहिलो संशोधनको लागि प्रस्ताव पेश गर्दछु।

सभाध्यक्ष ज्यू, यस गरिमामय सभामा १ करोड ११ लाख १० हजार रुपैयाँको योजना तथा कार्यक्रम थप गरी कुल बजेट रकम ३२ करोड ८२ लाख २२ हजार ४९० रुपैयाँको संशोधित अनुमान सभा समक्ष पेश गर्दछु।

संशोधन हुने र थप हुने योजना तथा कार्यक्रमहरु सदस्यहरुलाई वितरण भईसकेको व्यहोरा सभाध्यक्ष ज्यू मार्फत सभालाई जानकारी गराउँछु।

प्रस्तावबाट प्राप्त हुने उपलब्धीहरुः-

- पूँजिगत खर्चमा वृद्धि भई विकास निर्माणका कार्य थप हुनेछन्।
- विनियोजित बजेटमा सम्बोधन हुन नसकेका माग तथा योजनाहरु थप सम्बोधन हुनेछन्।
- हालसम्म कार्यान्वयनमा आउन समस्या भएका केहि योजनाहरु योजनान्तर हुँदा कार्यान्वयनमा सहजता आउनेछ।

घरपझोङ गाउँपालिका गाउँ सभाको सचिवालय जोमसोम, मुस्ताङ स्था: २०७३

मोहन सिंह लालचन
अध्यक्ष

देहाय :

| घटाउने | | | बढाउने | | |
|---|---|---|---|---|---|
| सि.नं. | साविक शिर्षक विवरण | रकम रु. | सि.नं. | प्रस्तावित/संशोधित भएपछिका कार्यक्रम | रकम रु. |
| १ | चाइना टाउन निर्माण (व्यवसायीक भवन) | ४५,००,००० | १ | खालाधुङ ढुङ्गेघर संरक्षण तथा पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्यक्रम | ४५,००,००० |
| २ | मातृचक्र कृषि उद्यन व्यवस्थापन, वडा नं. ४, जोमसोम | २८,८५,००० | २ | प्रशासनिक भवन नजिक नमुना स्याउँ बगैचा व्यावस्थापन गर्ने | ९,५०,००० |
| | | | ३ | प्रशासनिक भवन अगाडी पार्क निमार्ण, ढुङ्गे धारा समेत | ९,२५,००० |
| | | | ४ | पशु ट्रेभिज निर्माण (७ वटा) | २,५०,००० |
| | | | ५ | कृषकहरुका लागि बेर्ना अनुदान कार्यक्रम (तरकारी आत्मनिर्भर कार्यक्रम) | ५,००,००० |
| | | | ६ | स्याङ आधारभुत स्वास्थ्य केन्द्र तथा वडा कार्यालय मर्मत संभार (झ्याल, ढोका, भर्याङ निमार्ण आदि) | १,१०,००० |
| | | | ७ | गाउँपालिकाको कार्यालयको सभाहलमा साउण्ड सिस्टम जडान गर्ने | १,५०,००० |
| ३ | प्रशासकीय भवनको सभाहलमा डिजिटल डिस्प्ले बोर्ड व्यवस्थापन | ५,००,००० | ८ | ५ वटै वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र आधारभुत स्वास्थ्य केन्द्रहरुमा ई-हाजिरी व्यवस्थापन गर्ने (गाउँपालिकाको कार्यालयबाट अनुगमन हुने गरी) | ४,००,००० |
| | | | ९ | ठिनी खेतबारीको गेट तथा तारजाली मर्मत गर्ने । | १,००,००० |
| ४ | बैंक मौजदातबाट विनियोजित रकम (थप रकम) | १,११,१०,००० | १० | मार्फा छैरो जाने बेली बृज निर्माण योजना, घरपझोङ-१, छैरो | ९०,००,००० |
| | | | ११ | जोमसोम विमानस्थल प्रवेशद्वार ढुङ्गा छपनी बिछ्याउने थप रकम | ३,२०,००० |
| | | | १२ | चिमाङ महिला समुह भवनमा रेलिङ निर्माण | ९०,००० |
| | | | १३ | जोमसोम बाल उद्यन मर्मत संभार | २,००,००० |
| | | | १४ | तिनपाङग्रे ईलेक्ट्रिक अटोरिक्सा खरिद तथा अनुदान | १५,००,००० |
| | जम्मा | १,८९,९५,००० | | जम्मा | १,८९,९५,००० |

क) योजना तथा कार्यक्रमको नाम संशोधन सम्बन्धी प्रस्तावः

मोहन सिंह लालचन
अध्यक्ष

| क्र.सं. | चालु आ.ब.को स्वीकृत नाम | लागत रू | संशोधित नाम | लागत रु. |
|---|---|---|---|---|
| १ | जनवाल मा.वि. डि.पि.आर. तयारी तथा आ.इ.इ. गर्ने | १०,००,००० | जनवाल मा.वि.को माटो परीक्षाण सहितको डि.पि.आर. तयार गर्ने | १०,००,००० |
| २ | स्वागतम जोमसोम (Welcome Jomsom) लेखिएको डिजिटल बोर्ड | ५,००,००० | स्वागतम जोमसोम (Welcome Jomsom) लेखिएको बोर्ड | ५,००,००० |
| ख) कर्मचारी कल्याण कोष स्थापना गर्ने | | | | |
| १ | विभिन्न कोष | १०,००,००० | १ कर्मचारी कल्याण कोष | १०,००,००० |

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री अनिता घतानेले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १३ बमोजिमको निर्णय :-**

सभाध्याक्षज्यूले, यस घरपझोङ गाउँपालिकाले स्वीकृत गरी प्रयोगमा ल्याएको गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निमार्ण गर्नु हुने यसै घरपझोङ गाउँपालिका वडा नं.५ ठिनी निवासी श्री निरज थकालीज्यूलाई नगद रु.२०,०००।- सहित प्रशंसा पत्र वितरण गर्ने घोषणा गर्नु भयो र नियमानुसार कर कट्टी गरी उक्त रकम र प्रशंसापत्र सभामा वितरण भयो ।

**कार्यसूची १४ बमोजिमको निर्णय :-**

- ✓ सभाध्यक्षज्यूले पत्रकारिताको मध्यमबाट गाउँपालिकाको पर्यटन विकास, नागरिक सचेतना लगायत समग्र मुस्ताङ जिल्लाकै उन्नयनमा उल्लेखनिय भुमिका निभाउनु हुने पत्रकार श्री सुन्दर कुमार थकालीज्यूलाई कदर पत्र प्रदान गर्ने घोषणा गर्नु भयो ।
  सभाध्यक्षज्यूबाट करद-पत्र प्रदान गर्नु भयो र उपाध्क्षजयूबाट दोसल्ला ओढाई सम्मान गर्नु भयो ।
- ✓ सभाध्यक्षज्यूले शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गर्नु हुने श्री जयन्द्रलाल थकालीज्यूलाई कदर पत्र प्रदान गर्ने घोषणा गर्नु भयो ।
  सभाध्यक्षज्यूबाट करद-पत्र प्रदान गर्नु भयो र उपाध्क्षजयूबाट दोसल्ला ओढाई सम्मान गर्नु भयो ।

**कार्यसूची १५ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूले कार्यसूची -१५ बमोजिम सभामा शोक प्रस्ताव प्रस्तुत गर्नु भयो ।

**शोक प्रस्ताव सम्बन्धी व्यहोरा यस प्रकार रहेको छ ।**

वि.स. १९९० साल श्रावण १५ गते बुबा फु छिरिङ ज्वारचन र आमा फुन्त्री ज्वारचनबाट मुस्ताङ

मोहन सिंह लालचन
अध्यक्ष

जिल्ला साविकको मार्फा गाउँ पञ्चायतमा जन्मनु भएको गौलो माइला ज्वारचनको धार्मिक नाम उर्केन पलसाङ रिम्पोछे, लामा रहेको थियो । सानैदेखी धर्मकर्ममा रुची राख्नुहुने उहाँ तत्कालिन कोबाङ गाउँको सक्कर गुम्बाका धार्मिक गुरु कृश्यो रिम्पोचे सँग धार्मिक ज्ञान हासिल गरी नौ दिनसम्म मसानघाटमा ध्यान गरि सो ध्यानबाट सतधर्मप्रति ज्ञान हासिल गरि १४ बर्षको उमेरमानै आफुलाई त्रिरत्न प्रति समर्पण गरि तत्कालिन समयमा स्याङ गुम्बाका गुरुसँग बौद्ध धर्मको बारेमा जानकारी पाएपश्चात बौद्ध धर्म सम्बन्धी ज्ञान हासिल गर्न तिब्बत जानुभएको र तिब्बतको ढाकर गुम्बामा अत्यन्तै कठिन परिस्थितिमा समेत धर्मप्रति आस्थावान रही कठोर अध्ययन गरी ज्ञान हासिल गरेर पारिवारिक जिवन त्यागी मार्फा स्थित सम्तेछ्योलिङ गुम्बामा धार्मिक गुरुको रुपमा रही २०६७ सालमा हिमवर्षे पद प्राप्त गरी अनवरत रुपमा धर्म संरक्षण र ज्ञानको ज्योति फैलाउनमा लाग्नु भएका उर्केन पलसाङ रिम्पोछे, लामा (गौलो माइला ज्वारचन) मार्फा स्थित सम्तेछ्योलिङ गुम्बामा प्रमुख गुरुको रुपमा रहनु भएको अवस्थामा नै मिति २०८१ पौष २७ गतेका दिन भौतिक रुपमा यस संसारबाट बिदा हुनुभयो । उहाँको धार्मिक परम्परा अनुसार मिति २०८१ पौष १२ गतेका दिन सम्तेछ्योलिङ गुम्बा परिसरमा अन्त्येष्टि गरिएको थियो । आजिवन धार्मिक कार्य र सतकर्ममा रही उहाँले यस समाज र धर्म संरक्षण प्रति पुर्याउनु भएको योगदानको उच्च कदर स्वरुप उहाँप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै शोक प्रस्ताव पारितको लागि प्रस्ताव गर्दछु। प्रस्तावको सर्मथन गर्नु हुने सदस्यहरुले हात उठाएर प्रस्तावको समर्थन गर्नुहोस् ।

शोक प्रस्तावको निर्णायार्थ पेश हुँदा सबै सदस्यहरुले हात उठाएर प्रस्तावको समर्थन गर्नु भएकोले उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भए लगतै स्वर्गिय उर्केन पलसाङ रिम्पोछे, लामा प्रति श्रद्धासुमन अर्पण गर्न १ मिनट मौन धारण भयो ।

**कार्यसूची १६ बमोजिमको निर्णय :-**

गाउँसभाका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूले घरपझोङ गाउँपालिकाको गाउँसभाको १५औं अधिवेशन सफल पार्न छलफलमा भाग लिनु भएका सबै गाउँसभा सदस्यहरुको सक्रिय सहभागिताका लागि धन्यवाद व्यक्त गर्नु भयो । साथै गाउँसभाको सफल व्यवस्थापनको लागि गाउँपालिकाका उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, विभिन्न विषयगत समितिहरुका संयोजकहरु, सभाका सचिव एवंम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै गाउँसभाको १५ औं अधिवेशन समाप्त भएको घोषणा गर्नु भयो ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३